आत्म हत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौ, समस्याको समाधान खोजौं ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश



# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily






वर्ष ८ अंक १४५ | २६ मंसिर २०७९ सोमबार | 12 December 2022 Monday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ


# मुद्दा फिर्ता लिन सरकारले ल्यायो अध्यादेश




काठमाडौं, २५ मंसिर

सरकारले नागरिक उन्मुक्ति पार्टी र विप्लव समूहका कार्यकर्ता संलग्न मुद्दा फिर्ता लिने उद्देश्यले मुलुकी अपराध संहिता संशोधन अध्यादेश ल्याएको छ।

आइतबार बसेको मन्त्रिपरिषद बैठकले अध्यादेश ल्याउने निर्णय गरेको हो। एक मन्त्री भन्छन्, 'विभिन्न समूहसँग वार्ता भइरहेको थियो, ती दलका कार्यकर्तासँग सम्बन्धित राजनीतिक प्रकृतिका केस हल गर्ने गरी अपराध संहिता संशोधन गर्न खोजिएको हो ।' सरकार गठनका लागि बहुमत जुटाउन प्रयासरत सत्तारुढ गठबन्धनले नागरिक उन्मुक्ति पार्टीको समर्थन खोजेको छ।

तर टीकापुर घटनामा जन्मकैदको सजाय काटिरहेका उक्त पार्टीका संरक्षक रेशम चौधरीको मुद्दा फिर्ता लिनुपर्ने उसको शर्त छ।

यो अध्यादेश राष्ट्रपतिले स्वीकृत गरेमा रेशमको मुद्दा के हुन्छ भन्ने प्रष्ट भइसकेको छैन । जिल्ला अदालत कैलालीले गरेको उनीविरुद्धको जन्मकैदको सजायलाई उच्च अदालतले सदर गरिसकेको छ भने उनले सर्वोच्चमा दिएको पुनरावेदन विचाराधीन छ । ती मन्त्री भन्छन्, 'उनको दलका कार्यकर्ताको विषय सम्बोधन हुन्छ, उनको विषयमा भन्न सक्दिन।

# गुल्मीको कफी फ्रान्स निर्यात



गुल्मी, २५ मंसिर

गुल्मीमा उत्पादन भएको कफी जापान र फ्रान्समा माग बढ्न थालेपछि यहाँका किसान कफीखेतीमा आकर्षित हुन थालेका छन्। यहाँ उत्पादन भएको कफी जिल्ला सहकारी सङ्घमार्फत् निर्यात हुँदै आएको छ।

संघका सचिव युवराज आचार्यका अनुसार जापान र फ्रान्समा मात्रै वार्षिक पाँच मेट्रिक टन कफी निर्यात हुँदै आएको छ । किसान, समूह र सहकारीबाट खरिद गरिएको कफी प्रशोधन गरी संघले निर्यात गर्दै आएको छ । जसबाट संघले वार्षिक ६० लाख आम्दानी गर्दै आएको सचिव आचार्यको भनाइ छ।

कफी विकास केन्द्र गुल्मीका प्रमुख जीवन आचार्यले कफीको बिउ स्रोत केन्द्रका रुपमा काम गरिरहेको बताए। कुल ६ हेक्टर क्षेत्रफलमा बिउका लागि कफी खेती गरिएको छ। अन्तर्राष्ट्रिय स्तरमा निर्यात हुन थालेपछि कफीखेतीमा किसानको आकर्षण बढेको छ।

**बढ्यो आकर्षण**

गुल्मीको रेसुङ्गा नगरपालिका-८ का २५ वर्षीय मनोज पाण्डे र २४ वर्षे सरोज बेलबासे व्यावसायिक कफीखेतीमा छन् । आँपचौरको पिपलारुखमा दुई सय रोपनीमा डेढ वर्षदेखि कफीखेती गरिरहेका उनीहरुले बीस हजार कफीका बिरुवा रोपेका छन्। "विदेशमा पसिना बगाउनुभन्दा स्वेदशमै मिहेनत गरौं भन्ने सोचले कफीखेती सुरु गरेका हौंबेलबासेले भने। मनोज र सरोजले गरेको कफीखेतीबाट हाल एक हजार बिरुवाले उत्पादन दिइरहेका छन्। मनोजका अनुसार गतवर्ष यसबाट सात


(बाँकी २ पेजमा>>>



# एमाले कपिलवस्तुलाई अर्को सफलता : छ सांसद जितेपछि ३ सांसद थपिए


**पार्वती पाण्डे**


कपिलवस्तु २५ मंसिर

एमाले कपिलवस्तुलाई अर्को ठूलो सफलता मिलेकोछ प्रत्यक्ष चुनाववाट २ जना संघिय र ४ जना प्रदेश सांसद जितेको एमाले कपिलवस्तुले समानुपातिकवाट ३ सांसद थप भएपछि ऐतिहासिक सफलता हात पारेको हो। एमालेले यसपाली प्रदेशका ६ र संघका ३ गरी ९ सीट रहेको कपिलवस्तुमा गठबन्धन विरुद्ध एक्लै लडेर ६ सीट जितेको थियो।

एमालेले निर्वाचन आयोगमा बुझाएको विवरणमा कपिलवस्तुको कृष्णनरका वासिन्दा सिराज अहमद फारुकी मुस्लिम कोटावाट संघिय सांसदमा परेका छन्।उनी नेपाल मुस्लिम इत्तेहाद संगठनका केन्द्रिय अध्यक्ष हुन्। यस्तै जसपा छाडेर चुनाव अघि एमाले प्रबेश गरेकी तौलिहवा निवासी अमृता अग्रहरी समेत मधेसी महिला कोटावाट संघिय सांसद वनेकी छन्। उनी विगतम जसपावाट समानुपातिक थिइन यसपाली एमालेवाट सोही स्थान पाएकी छन्।







यता पार्टी विभाजनका बेला एमालेमै वसेका माओवादीका तत्कालिन केन्द्रिय नेता गिरधारी लाल न्यौपाने पनि एमालेका तर्फवाट लुम्विनी प्रदेश सभाको सदस्य हुन् पाएका छन्। खस आर्य तर्फ १ नम्वरमा रहेका न्यौपानेले एमालेले पाएको १ जना पुरुष तर्फ वाजी मारेका हुन्। ४० वर्ष बढी कम्युनिष्ट राजनीतिमा विभिन्न तहको नेतृत्वमा बसेका न्यौपानेलाई पहिलो पटक सांसद हुने अवसर एमालेवाट मिलेको हो।

यता एमाले कपिलवस्तुले ७ औ पटक चुनाव लड्दा असफलता भोगेका मंगल प्रसाद गुप्तालाई आठौ पटकमा प्रत्यक्षवाट क्षेत्र नं ३ को सांसद बनाएर सो क्षेत्रको इतिहासमै यसपाली पहिलो जीत निकालेको थियो । यतिमात्र होइन गठबन्धन भन्दा २८ हजार न्यून मत रहेको कपिलवस्तु १ मा एमालेका केन्द्रिय नेता वलाराम अधिकारीलाई चुनाव लडाएर एमालेले १५ हजार वढीको मतान्तरमा जिताएर एमाले कपिलवस्तुले यसपाली चमत्कार नै गरेको थियो।

यति मात्र होइन ६ मतको झिनो अन्तरले क्षेत्र नं ३ को प्रदेश १मा जित निकाल्ने अर्जुन केसीका कारण होस वा कपिलवस्तुका २ प्रदेश निर्वाचन क्षेत्रमा कार्यकर्ताले चुनाव लड्न माग गरेका विष्णु पन्थीलाई १को १मा ४ हजार ५सयको फराकिलो अन्तरमा गठबन्धनसंग जित निकाल्न सफल भएर होस एमाले यसपाली सफलता कै सिखरमा चढ्दै गएको छ । यो सफलता पाउने सफल अध्यक्षको रुपमा पहिलो पटक पाटीको नेतृत्व गरेका डम्मर शर्माले उच्च सफल नेताको श्रेय पाएका छन् । एमालेले पाएको उच्च सफलताको लागि चुनावी कमाण्ड सम्हालेर नेतृत्व गर्नेमा क्षेत्र नं १ मा जिल्ला उपाध्यक्ष विश्राम प्रसाद चौधरी ,क्षेत्र नं ३ मा एमालेका प्रदेश नेता नेता सफर अली मिया रहेका छन्।

यति मात्र होइन क्षेत्र नं १ (१)को चुनावी कमाण्डर बनेका भेषराज पाण्डे ,क्षेत्र नं १को २ मा सह कमाण्ड सम्हालेका विष्णु गौतम र बजरंगी प्रसाद कुर्मी , क्षेत्र नं २को १मा चुनावी नेतृत्व सम्हाल्ने जिल्ला उपसचिव शुसिला दर्लामी र क्षेत्र नं ३ को १ मा चुनावी कमाण्ड सम्हालेर जित हासिल गर्ने जिल्ला सचिव सिवी गहतराजले समेत यसपाली एमालेको जितको श्रेय पाएका छन्।





उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### समस्यमा समानुपातिक !


सज्जनका हातमा विग्रेको वस्तु दिए पनि सपारेर र राम्रो बनाएर काम चलाउँछ । दुर्जनका हातमा राम्रो वस्तु दिए विगार्छ र भताभुङ्ग पार्छ भनेको सुनिन्छ । साँचै रहेछ त्यो । नेपाली राजनीतिमा समानुपातिक र संघीयता बाँदरको हातमा परेको नरिवल जस्तै भएको छ । सभ्य राजनीति, शालीन नेतृत्व र आत्मनिर्भर अर्थतन्त्र एवं सम्पन्न मुलुकमा समानुपातिक र संघीयताको सदुपयोग हुन्थ्यो होला । नेपालमाचाहिँ दुरुपयोग भयो, गरियो र बदनाम बनाइयो दुवैलाई । गतिहीन र मतिहीन बेरोजगार नेताको पल्टन पाल्ने संघीयताको सकस त भोगिएकै थियो । अहिले समानुपातिकको समस्या पनि दलहरुकै दुष्कर्मले बुझायो । अनि धेरैले भन्न थाले - चुनाव जित्न नसक्ने ठूला नेता, उनीहरुका अनुचर, रखैल र माफियालाई नीति निर्माण गर्ने तहमा घुसाएर सरकारी सुविधा दिलाउने प्रपञ्च मात्रै रहेछ' भनेर । समावेशी सिद्धान्तका कुरा त देखाउने दाँत मात्रै रहेछन् । थोरै जनसंख्या भएका, अल्पसंख्यक, अपाङ्ग र सीमान्तकृतको नीति निर्माण गर्ने तह र सरकारमा सहभागिताको कुरा कतै लागु भएको देखिएन त्यसैले ।

स्थिति कस्तोसम्म भयो भने आयोगमा नाम बुझाउँदा पहिलो नम्बरमा रहेकाहरुलाई पनि पारिएनछ यसपटक । तलबाट माथि र माथिबाट तल पारेर समानुपाति सांसदको सूची बुझाइएछ दलहरुबाट । निर्वाचन आयोगले छानविन त गर्दैछ, तर उसले पनि दलहरुले पठाएकै नामलाई अनुमोदन गर्ने छ अन्तिममा । पहिले दिइएकै नाम र क्रमसंख्या अनुसारको काम होस् नभन्ला । महिलाको प्रतिशत पुऱ्याउने विषयबाहेक अरुतिर नहेर्ला । आखिर आयोगमा पुगेका आयुक्तहरु पनि उस्तै छलकपटले नियुक्त भएकाहरु हुन्छन्, पर्छन् । तिनीहरुले राम्रो काम गर्छन् भनेर पत्याउदैनन् धेरैले । सत्ताका सवै संरचनाको टुप्पीदेखि पैतालासम्म, न्यायालयदेखि मदिरालय र शौचालयसम्म राजनीतिक भागवण्डा हुने ठाउँमा सज्जन मान्छे पुग्नै सक्दैन । सज्जनले इमान र स्वाभिमान बेच्दैन, नबेचिकन कुनै ठाउँमा नियुक्ति पाउने सम्भावनै रहदैन । समानुपातिक सांसद बन्नेहरु र उनीहरुलाई छान्नेहरुका बीचमा पनि मोल मोलाई भएको हुन्छ । तस्करका लस्करहुँदै काला व्यापारीदेखि लिएर धर्मान्तरणका ठेकेदारसम्मले निर्वाचित हुन पाउने आधार समानुपातिक बनेको छ । समावेशिताले हावा खाएको छ, खुवाइएको छ । नेपाल र नेपालीले चाहेको समानुपातिक चुनावी शैली यस्तो थिएन र हैन भनेर पूर्वनिर्वाचन आयुक्तदेखि लिएर आधारपत्र तयारकर्तासम्मले भनेका छन्, तर सुनिने सम्भावना छैन ।

पूर्वनिर्वाचन आयुक्त दोलखबहादुर गुरुङ र समानुपातिक निर्वाचन प्रणालीका आधारपत्र तयारकर्ता डा. मिनेन्द्र रिजालसम्म दङ्ग छन् यसपटक दलहरुले समानुपातिक सांसद छनौट गरेको शैली हेरेर । ३१.२५ प्रतिशत खस आर्य, २८.७५ प्रतिशत आदिवासी जनजाति, १५.३५ मधेशी, १३.८५ दलित, ६.६५ थारु र ४.४५ प्रतिशत मुस्लिममा ५० प्रतिशत महिला हुनपर्छ । जसमा पिछडिएका क्षेत्र र अपाङ्गलाई पनि समेट्नु पर्ने हुन्छ । प्राविधिक प्रक्रियासम्म पुरा गर्लान् दलहरुले, तर पाउनुपर्नेले नपाउने र नपाउन पर्नेले पाउने काम भएको छ सार्वजनिक गरिएका नामहरु हेर्दा । यस्तो समानुपातिकले कस्तो नतिजा निकाल्ला ? सोचनीय रह्यो । शीर्ष नेताको तजविजी अधिकार हटाएर जातिका ठाउँमा आर्थिक आधारलाई समेट्नुपर्ने विचार रिजालले राखेका छन् । आयोगले कति ध्यानदेला र निस्पक्ष एवं विवादरहित बनाउला खै ?

# आयोजनालाई जग्गा, सधैं समस्या

**गोपीनाथ मैनाली**



प्राकृतिक स्रोत भएकाले भूमिको व्यवस्थापन गर्न सकिन्छ, तर आयतन, क्षेत्र र सीमालाई बढाउन सकिँदैन।

मासिक रूपमा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा विकासे मन्त्रालयहरूले कार्यक्रमको लक्ष्यअनुरुप प्रगति नपुग्नुको प्रमुख कारण जग्गा प्राप्ति गर्न नसक्नु हो भन्दै आएका छन्। यो विकास समीक्षाका सानाठूला सबै बैठकको स्थायी कार्यसूची होस्, अन्तरमन्त्रालय, अन्तरतह र विकास साझेदारहरूको बैठकमा गहकिलो बहस हुने र कहिल्यै पनि समाधान भने नपाएको सवाल हो। जसले गर्दा आयोजना, लगानीकर्ता र जग्गाधनी तीनै पक्ष बेस्सरी प्रभावित हुँदै आएका छन्। तीनै पक्षलाई जित-जितको अवस्थामा कसरी पुऱ्याउने ? यो नै विकास व्यवस्थापनमा जग्गा प्राप्तिको गम्भीर चुनौती हो।

जग्गा प्राप्ति किन यति गम्भीर छ त ? सीमित प्राकृतिक स्रोत भएकाले भूमिको व्यवस्थापन गर्न सकिन्छ, तर आयतन, क्षेत्र र सीमालाई बढाउन सकिँदैन। मानव जीवनका लागि जेजस्ता आवश्यकता पूरा गरिन्छ, त्यसको आधारस्रोत भूमि हो। सीमित हुनु भूमिको विशेषता भएकाले यसको महत्व र संवेदनशीलता पनि अधिक छ। स्वामित्व र प्रशासन गर्न भूमिलाई जग्गामा परिणत गरिएपछि यो सामाजिक हैसियत, आर्थिक साधन र शासकीय सम्बन्धमा गाँसिन पुग्छ, र झनै संवेदनशील बन्ने गर्छ।

त्यसैले प्रत्येक मुलुकले आफ्नो सीमित भूमिको व्यवस्थित उपयोग गरी आर्थिक समृद्धि, सामाजिक सम्बन्ध र वातावरणीय सन्तुलन कायम गर्न नीति, कानुन र व्यवस्थापन विधिहरू अभ्यास गर्दै आएका छन्। कतिपय मुलुकमा भूमि राज्य स्वामित्वको विषय बनाउने गरी कठोर कानुनी व्यवस्था गरिएको पाइन्छ। नेपालमा भने राज्यअधिनस्थतताको सिद्धान्तअन्तर्गत भूमि वैयक्तिक स्वामित्वको विषय हो। राज्यलाई तिरो तिरेर व्यक्तिले भूमिको उपयोग गर्न पाउँछ। संविधानतः व्यक्तिगत सम्पत्ति कानुनबाहेक अनतिक्रम्य छ।

विकासका संरचनाका लागि जग्गा प्राप्ति र पुनर्स्थापना व्यवस्थापन कार्यव्यवस्थित हुन नसक्दा आयोजना समयमा सम्पन्न हुन नसकेको, स्थानीय समुदाय प्रभावित भएको र सरकार पनि आलोचित हुँदै आएकाले यो विषय सन् २००४ मा ज्वाइन्ट फाइनान्सिङ पार्टनरसँगको बैठकमा गहकिलो रूपमा उठ्यो । र,, छिट्टै नीतिमार्फत सम्बोधन गर्ने प्रतिबद्धता पनि गरियो। प्रतिबद्धता अनुरूप नीति तर्जुमा गर्ने कामको औपचारिक थालनी २००६ (वि. सं. २०६३) बाट भयो तर नीति पारित भने करिव ८ वर्षपछि भयो, २०७१ मा। विकास निर्माणका लागि जग्गा प्राप्ति, पुनःस्थापना तथा पुनर्वास नीति, २०७१ पारित हुन यति लामो समय लाग्नुले नीतिको महत्व र संवेदनशीलतालाई पनि संकेत गर्छ भने अर्कोतर्फ नीतिमा स्वामित्व नलिने, प्रतिबद्धता जारी गर्ने तर नीति अन्तर्यको पक्षमा ध्यान नदिने नेपाली नीति संस्कृतिलाई पनि उद्घाटन गरेको छ। यसले थुप्रै नीति शिक्षा लिनुपर्ने क्षेत्र उघारिएको छ।

विकास आयोजनाका लागि चाहिने जग्गा सर्वसाधारण वा सरकारको स्वामित्वमा रहने विषय भएकाले आयोजना, लगानीकर्ता (सरकार वा निजी क्षेत्र) र जग्गा उपलब्ध गराउने सर्वसाधारणका भावनालाई सम्बोधन गर्नुपर्छ। यो राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मान्यता अनुरूप हुनुपर्छ, साथै सर्वसाधारणको विश्वास जित्ने हुनुपर्छ। यसरी सबैको जित-जितको अवस्था प्राप्त गर्नु जग्गा प्राप्ति (सोसल सेफगार्ड) नीतिको आधार मूल्य हो। हाम्रो विकास निर्माणका लागि जग्गा प्राप्ति, पुनःस्थापना तथा पुनर्वास नीति, २०७१ ले चार सिद्धान्तलाई आत्मसात गरेको छ, (क) पहिलो संविधानले निर्दिष्ट गरेको सम्पत्तिको हक, (ख) दोस्रो, जग्गा प्राप्ति प्रक्रिया पारदर्शी र उचित हुनुपर्ने विषय, (ग) तेस्रो, जग्गा प्राप्ति गर्दा जग्गा धनीलाई उचित मुआब्जा वा क्षतिपूर्ति (कम्तीमा पूर्ववत् अवस्थाको प्रत्याभूत हुने गरी) दिने विषय र चौथो, (घ) वातावरणीय प्रभाव र जोखिमप्रति उचित सावधानी अवलम्बन। यी सिद्धान्त सोसल सेफगार्डका असल अभ्यास भएका मुलुकहरूभन्दा अलिकति पनि निम्छरो छैनन्। नीतिले विस्थापन न्यूनीकरण, विस्थापितका लागि जीविकोपार्जन, पुनर्वास योजना कार्यान्वयन, क्षतिपूर्ति, थप सहायता र समावेशीकरणका लागि राखेका मान्यताहरू पनि उम्दा छन्। नीतिका चार लक्ष्य लिएको छ, सार्वजनिक हित र विकास संरचनाका लागि जग्गा प्राप्ति, न्यायोचित मुआब्जा, उपयुक्त पुनर्वास तथा पुनर्स्थापना र प्रभावित परिवारको सामाजिक-आर्थिक सुदृढीकरण।

प्रजातन्त्र स्थापना हुनुअघि जग्गा धनीको पक्षबाट सोचिँदैन थियो। उतिबेला जग्गा प्राप्ति भनेको सर्वसाधारणको जग्गा अधिग्रहण गर्नुमात्र थियो, सनद र हुकुम प्रमाङ्गीबाट जग्गा प्राप्तिलाई निर्दिष्ट गर्थ्यो। तर, नीतिले अधिग्रहण गर्ने कामलाई अन्तिम उपायका रूपमा लिएको छ।

जग्गा प्राप्तिका सबै मान्य विधिहरू जस्तो कि स्वेच्छिक जग्गा दान, प्रत्यक्ष वार्ता, जग्गा विकास र अधिग्रहणमध्ये उपयुक्त विधि अवलम्बन गर्ने आशय राखेको छ। सहरी क्षेत्रमा सहरी पूर्वाधार सेवा विकासका गर्दा जग्गा विकास कार्यक्रमका विधिहरू अपनाउन सकिन्छ तर विमानस्थल, विद्युत् परियोजना, रणनीतिक सडकजस्ता संरचनामा अधिग्रहण गर्नुपर्ने हुनसक्छ। सामाजिक धार्मिक कार्यका लागि स्वेच्छिक दान उपयोग हुनसक्छ। सबै प्रक्रियामा वार्ताले विश्वास जित्न सक्छ।

लामो प्रयासपछि तर्जुमा भै कार्यान्वयनका लागि जारी भएको नीति अहिले पनि पूर्ण कार्यान्वयनमा आएको छैन। नीति तर्जुमाका समयमा उत्साह देखाउने तर कार्यान्वयनमा अग्रसर नहुने प्रवृत्तिबाट यो नीति पनि अपवाद रहेन। यसले सिद्धान्त तथा उद्देश्य र कार्यविधिको उल्लेख गरेको छ तर आयोजनाको विशेषता र सम्बद्धताका आधारमा क्षेत्रगत मापदण्डहरू बनाउने काम अहिले पनि वेवारिस छ।

सिँचाइ, ऊर्जा, सडक, पुल, विमानस्थल, प्रसारण लाइन, खानेपानी तथा भवन संरचनाका लागि फरक-फरक कार्य मापदण्ड आवश्यक छ। सबै आयोजनालाई प्रभाव र सन्दर्भका आधारमा फरक-फरक व्यवहार गर्नुपर्ने हुन आउँछ।

साथै आयोजनाबाट सर्वसाधारणलाई पर्ने असरका आधारमा क्षतिपूर्ति निर्धारण गर्नुपर्छ। आयोजनाले पार्ने असरलाई चार आधारमा पहिचान र मूल्याङ्कन गरी क्षतिपूर्ति तथा सुविधा उपलव्ध गराउनु पर्छ। जस्तो कि अति असर पर्ने व्यक्ति परिवार, उल्लेख्य असर पर्ने परिवार, सामान्य असर पर्ने परिवार र खासै असर नपर्ने परिवारका लागि क्षितपूर्ति फरक हुन्छ। तर मुआब्जाको विषय प्रभाव, दबाब, आन्दोलन र केही हदमा मध्यस्थतकर्ता (विचौलिया) बाट प्रभावित हुँदै आएको छ।

जब नीति जारी भयो, कार्यान्वयनका लागि कानुनी समर्थन आवश्यक थियो। २०३४ मा जारी भएको जग्गा प्राप्ति ऐन निकै पुरानो भएकोले जग्गा प्राप्तिका सबै आयामलाई सम्बोधन गर्न सक्दैन।

यसले सरकारी प्रयोजनका लागि अधिग्रहण गर्ने कतिपय विषय समेटे पनि निजी क्षेत्र, सार्वजनिक-निजी साझेदारीका लागि जग्गा प्राप्तिका विषयलाई सम्बोधन गर्न सक्दैन। नीतिले जग्गा प्राप्ति ऐन, २०३४ लाई विस्थापन गर्ने अर्को ऐन मागेको थियो जसले नीतिका सबै भावना क्याप्चर गर्न सकोस्।

नीति जारीपछि सम्बन्धित मन्त्रालयबाट नेतृत्व लिन विलम्ब भयो, परिणामतः तीन महिनामा बन्नुपर्ने कानुनको मस्यौदा वर्षौंपछि पनि बनेन। नयाँ संविधानले शासकीय तहहरूमा कार्यभूमिका र क्षेत्राधिकार अधिकार वर्गीकृत गर्नपुग्यो।

संविधानको अनुसूची ५ अनुसार भूमि नीति, नीति मापदण्ड संघको हो भने अनुसूची ६ अनुसार भूमि व्यवस्थापन र जग्गाको अभिलेख प्रदेश सरकारको र अनुसूची ८ अनुसार जग्गाधनी पूर्जा वितरण स्थानीय सरकारको कार्यक्षेत्रमा छ। अप्रत्यक्ष रूपमा अनुसूची ९ ले तीनै तहको सरकारको भूमिका आकर्षित गरेको छ।

साझा सूचीमा परेका कानुनको तर्जुमा सबै शासकीय तह र सरोकारवालाको अपनत्व रहने गरी संघले बनाउने हो। सबैको सहयोग र समर्थन चाहिने विषय भएकाले विस्तृत अभ्यास र सहकार्य त्यत्तिकै जरुरी छ। संघीय शासन क्रियाशील भएको सात बर्षमा पनि यो कानुन नबन्दा ठूला आयोजना, विशेषतः राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी कार्यक्रम र पहिलो प्राथमिकताका आयोजनाहरू प्रभावित भैरहेका छन्। पुँजीगत खर्च हुन सकेको छैन, वैदेशिक सहायता आयोजना बेस्सरी प्रभावित छन्। वाह्य क्षेत्रको लगानी आउन डराएको छ, सार्वजनिक निजी साझेदारीका र निजी क्षेत्रका लगानी आयोजनाहरू प्रभावित छन्। -अन्नपूर्णपोष्ट


## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कृष्णनगर, कपिलवस्तु
### लुम्बिनी प्रदेश

मितिः२०७९|०८|२५

बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

जिल्ला समन्वय समिति तौलिहवा कपिलवस्तुको प.स. ०७८/७९ च. नं.३२३ मिति २०७८|१०|२६ गतेको पत्रानुसार जिल्ला समन्वय समिति मौज्दात कोषबाट संचालन हुने गरि तर्फ यस कृष्णनगर नगरपालिकाको लागि स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट मिति २०७९|०७|२० मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा वडा नं.११ अन्तर्गत बसन्तपुर अधुरो स्वास्थ्य चौकी निर्माण सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ |

तपशिल

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | Contract Number KNM/NCB/BLD-5/079/80 adhuro basantpur swasthy chauki nirman | AAKRITI CONSTRUCTION, Kapilvastu Municipality Ward No-02 pawan9807559995 | 17,83,042.65 | |

इश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत


## गुल्मीको कफी फ्रान्स...

लाख आम्दानी भएको थियो । कफीखेतीमा उनीहरुले हालसम्म ५१ लाख लगानी गरिसकेका छन् । कफीखेतीसँगै कफी प्रशोधन, प्याकेजिङ र बजारीकरणसमेत आफैँ गर्दै र्आएका छन् । सिजनमा ३५ जना र अन्य समयमा दैनिक पाँच जनालाई उनीहरुले रोजगारीसमेत दिएका छन् ।

उनीहरु मात्रै होइन आँपचौरका अधिकांश परिवार कफीखेती होमिएको छ । केहीले व्यावसायिकरुपमा त केहीले घरखर्चका लागि मात्रै पनि कफीखेती गरेका छन् । आँपचौरका किसान कपिला खरेलको कपिला कृषि तथा पशुपंक्षी फर्म छ । व्यवसायीक रुपमा कफी खेतीसँगै केराखेती र कुखुरापालन पनि गर्छिन्। उनले रोपेका दुई सय कफीका बोट उत्पादन दिने अवस्थामा छन् । उनी कफीखेती बिस्तारका लागि छहारी निर्माणमा लागेकी छिन् ।आँपचौरकै दुर्गा खरेलले पनि कफीखेतीलाई बगैँचाका रुपमा विस्तार गरेकी छिन् । उनी प्रत्येक वर्ष ४ क्विन्टलभन्दा बढी कफी बिक्री गर्दै आएकी छिन् ।ँकफी खेतीमा लगानी नडुब्ने भएकाले पनि युवाहरू आकर्षित हुनुभएको हो, उनले भनिन् । गुल्मीको आँपचौर कफीको उद्गमस्थल हो । मुसिकोट नगरपालिका ५ आँपचौरबाटै नेपालमा कफीको बिस्तार भएको मानिन्छ । आँपचौरका स्थानीय हिरा गिरीले १९९५ सालमा कर्मथलो बर्माको सिन्धु प्रान्तबाट फर्किंदा कफीको बीउ लिएर रोपेपछि पहिलो पटक नेपालमा कफी खेतीको सुरुवात भएको हो । कफीको सुरुवात भएको झण्डै तीन दशकसम्म पनि बिरुवा अन्योलमै थियो । त्यसपछि नेपाल सरकारले भारतबाट कफीको बीउ ल्याएर वितरण गरेपछि आँपचौरमा कफीको व्यावसायिक खेती सुरु भएको स्थानीय दुर्गा खरेलको भनाइ छ ।

# दाङका किसानलाई 'डेबिट' र 'क्रेडिट' कार्ड

दाङ, २५ मंसिर

दाङ तुलसीपुरका किसानलाई डेबिट र क्रेडिट कार्ड वितरण गरिएको छ। पहिलो चरणमा तुलसीपुर उपमहानगरपालिका-१६ का किसानलाई डेबिट र क्रेडिट कार्ड वितरण गरिएको हो। वडाध्यक्ष शिवानन्द डाँगीका अनुसार ४० किसानलाई डेबिट कार्ड र १३ किसानलाई क्रेडिट कार्ड वितरण गरिएको हो।

सिसा परियोजना, सीमित इन्टरनेशनल र आइडिइ नेपालको आर्थिक सहयोगमा मेगा बैंकले उक्त डेबिट र क्रेडिट कार्ड वितरण गरेको हो। डेबिट र क्रेडिट कार्डले किसानलाई डिजिटल बैंकिङ कारोबार गर्न सहज बनाउने भन्दै यो किसानलाई खुसीको कुरा भएको वडाध्यक्ष डाँगीको भनाइ थियो। अर्थाभावले कृषि खेतीमै प्रभाव पाने ' अवस्था आउन सक्ने भन्दै त्यसलाई न्यूनीकरण गर्न यसले भूमिका खेल्ने अध्यक्ष डाँगीको भनाइ थियो ँ। क्रेडिट




कार्डबाट किसानले मल, बीउलगायत अन्य कृषिसम्बन्धी सामग्री चाहियो भने लैजान सक्नुहुन्छ, उनले भने,ँ यसले किसानलाई फाइदा पुर्याउँछ।

क्रेडिट कार्ड प्राप्त किसानलाई बिना धितो राज्यले रु दुई लाखसम्म ऋण दिन्छ। सहुलियत कर्जाका रूपमा पाउने त्यो ऋण किसानले कृषि उत्पादन बिक्रीपछि प्राप्त गरेको रकमले पनि तिर्न सक्छन्। उनीहरूले त्यो ऋण कृषि सामग्री खरिदभन्दा अन्य कामका लागि प्रयोग गर्न पाउँदैनन्। त्यस्तै डेबिट कार्डबाट किसानले अनुदान सहयोग, क्षतिपूर्ति हालिदिनका लागि प्रयोग हुनेछ। क्रेडिट कार्ड प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ भने डेबिट कार्ड पाँच-पाँच वर्षमा नवीकरण गर्नुपर्छ।

पहिलो चरणमा वडा नं १६ बाट वितरण गरिएको भए पनि सबै पालिकाका सबै किसानलाई उक्त कार्ड प्रदान गरिने सिसा परियोजनाका कार्यक्रम अधिकृत जङ्गबहादुर गुरुङले बताए।ँसुरुआत वडा नं १६ बाट भयो, १३ मा पनि वितरण गर्ने तयारी गरेका छौं, उनले भने,ँअब हामीले उपमहानगरपालिकासँग समन्वय गरेर सबै वडामा पुर्‍याउने छौं। कार्ड पाएपछि किसान पनि खुसी भएका छन्। आफूहरूले अनुदान पाउने गरी क्रेडिट कार्ड दिएपछि यसले थप सहज हुने किसान वीरबल केसीले बताए।

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश

**आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः२०७९/०८/२६**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ घ (६) लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण(▯▯) प्रतिवेदन अनुसार देहायको नदि खोलाहरुबाट बालुवा उत्खनन, संकलन तथा विक्री गरि कर दस्तुर रकम संकलन सम्बन्धी आ.व.२०७९/८० को लागि ठेक्का द्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरि देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कृष्णनगर नगरपालिकाको कार्यालय समय भित्र सम्पर्क राखन सकिनेछ।

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७९/८० का लागि कायम न्युनतम अंक(मू.अ.कर बाहेक) | संकलन,उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) घन मि. | बोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| KNMR BM-01/79 /80 | कृष्णनगर नगरपालिका क्षेत्र भित्र पर्ने सुरहीको माडा नाका,दयानगर नाका,गुर्चिहवानाका क्षेत्र (▯▯)मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिक्रि शुल्क | २३,२९,१४०/- | ८२५० | रु.१०००/- | मू.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| KNMR BM-02 /79 /80 | कृष्णनगर नगरपालिका क्षेत्र भित्र पर्ने चरगहवा खोलाको हथियागढ नाका,ठकुरापुर नाका क्षेत्र (▯▯)मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिक्रि शुल्क | १,७४,६८५/५० | ६१९/७५ | रु.१०००/- | |

ठेक्का सम्बन्धि शर्तहरु :

१.माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम खरिद गरि भरेर नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

२.ठेक्का अवधि २०८० जेष्ठ मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल सामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन। प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री विक्री तथा निकासी गर्न सकिनेछ। उत्खनन/संकलन गर्दा व्यक्तिगत जग्गामा क्षति पुर्याउन पाइने छैन साथै निर्माणधिन पुलको ५०० मि.क्षेत्र बाहिरबाट मात्र उत्खनन/संकलन गर्नु पर्नेछ।

३.धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक कृष्णनगर स्थित बैंक खाता नं. ०१४०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ। धरौटी बापत जम्मा गरको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

४.उपरोक्त ठेक्काको लागि कुनै प्रकारको छुट दिइनेछैन। बोलपत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि ) तिरी खरिद गर्न सकिने छ।

५.ठेक्का कवोल अंकको रकम ठेकेदारले एक मुष्ट बैंक दाखिला गरि सोको सक्कलै भौचर कार्यालयमा बुझाउनु पर्ने छ। एकमुष्ट रुपमा नगदै दाखिला नगरेमा कवोल अंकको ५० प्रतिशत रकम अनिवार्य बैंक दाखिला गरि बाँकि ५० प्रतिशत यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको नेपाल बैंकबाट बैंक जमानत (विडबन्ड) जम्मा गरेको सक्कल पत्र पेश गर्नु पर्ने छ।

६.कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७.बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन।

८.बोलपत्र भर्दा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख रकमलाइ मान्यता दिइनेछ।साथै बोलपत्रदाताले बोलपत्रमा मुल्य अभिबृद्धि कर बाहेकको ठेक अंक उल्लेख गर्नु पर्नेछ।

९.ठेक्कामा कुनै विवाद भएमा कृष्णनगर नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

१०.उपरोक्त ठेक्काको लागि सूचन प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि १६ औं अर्थात मिति २०७९|०९|१२ मध्यान्ह १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १:०० बजे कृष्णनगर नगरपालिकाको कार्यालयमा खोलिनेछ।

११.बोलपत्र फारम खरिद गर्न,दाखिल गर्न,खोल्ने दिन सार्बजनिक बिदा परेमा क्रमशः सोको भोलिपल्ट सोहि समयमा खरिद ,दर्ता तथा खोल्ने कार्य गरिनेछ।

१२.कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ। नगदी रसिद ठेकेदारले आफनै तर्फबाट छपाइ यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ। निर्माण सामग्रीहरुको उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्ने छ।

१३.नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नुपर्नेछ। सवारी आवागमनलाई अवरोध हुने गरि ढाट राख्न पाइने छैन।

१४.खोलाबाट सामग्री उत्खनन तथा संकलन गर्दा बिहान सुर्योदय पश्चात र बेलुका अस्त अगावै गरिसक्नु पर्नेछ।साथै मापदण्ड विपरित कुनै पनि प्रकारले संकलन तथा उत्खनन गर्न पाइने छैन।

१५.ठेकेदारले मासिक रुपमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकरी नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१६.खोलाबाट संकलन सामग्री नगरपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्ने छ। घाटगद्दी गरिएको सामग्रीको परिमाण नगरपालिकाको अनुगमन समितिबाट यकिन गरि विक्री गर्नुपर्नेछ।

१७.यस सुचनामा उल्लेख भएका शर्तहरु अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुमा प्रत्येक बुंदाहरु यसै सूचनाका शर्तहरु सरह लागु हुनेछ।

१८.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समाबेश गरिने छैन।

१९.अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश

मितिः२०७९|०८|२५

**बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना**

यस कृष्णनगर नगरपालिकाको लागि संघीय सरकारद्वारा हस्तान्तरित कार्यकम (ससर्त कार्यकम) तर्फ आ.व.२०७९/०८० को लागि संघीय सरकारद्वारा स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट मिति २०७९|०७२०५ मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा वडा नं.०९ मा बहादुरगंज सानो चोक देखि डिहवा गाउँको कुलो सम्म सडक नाला निर्माण सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | Contract Number KNM/NCB/RD-03/079/080 Bahadurgunj saano chok dekhi dihawa gaaunko kulo samma sadak naali nirman | J P Ganga Construction and Suppliers KNR, Krishnanagar Municipality-10 phone: 9847085576 | 23,58,616.81 | |

इश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## Banganga Municipality Office
**Office of Municipal Executive**
Invitation for Online Bids
Date of publication: 2022-12-12

1. The Banganga Municipality Office has allocated funds to cover eligible payment under the Contract for the contracts named below.

| S. No. | Contract Package No./Works | Bid Security Amount (Nrs.) | Fee for Bid Document | Remark |
|---|---|---|---|---|
| 1 | 30/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Bhartapur Adharbhut School, Bhartapur ward 9 | 1,15,000 | 3,000 | |
| 2 | 31/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Laxmanghat Madhyamik School, Laxmanghat ward 6 | 1,15,000 | 3,000 | |
| 3 | 32/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Siddhartha Adharbhut School, Gajehada ward 4 | 1,15,000 | 3,000 | |
| 4 | 33/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Baljyoti Adharbhut School, Kaptaiya ward 3 | 60,000 | 3,000 | |
| 5 | 34/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Banganga Madhyamik School, Gajehada ward 4 | 1,15,000 | 3,000 | |
| 6 | 35/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Siddhartha Madhyamik School, Bunchi ward 1 | 1,15,000 | 3,000 | |
| 7 | 36/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Gauri Bhawani Adharbhut School, Bhaktauli ward 3 | 1,15,000 | 3,000 | |
| 8 | 37/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Bal Madhyamik School, Bairiya ward 1 | 1,15,000 | 3,000 | |
| 9 | 38/NCB/BMO/KAPIL/WORKS/79-80, Construction of Madarasa Al-Islaha School, Patana ward 10 | 60,000 | 3,000 | |

| Account Number for Bid Document Purchase | Account Number for Bid Security Deposit |
|---|---|
| Name of the Bank: Agricultural Development Bank Ltd.,<br>Banking Branch Office: Jeetpur 4 No, Kapilvastu<br>Name of the Office: Banganga Municipality Office<br>Office Account no: 0415601617188014 | Name of the Bank: Agricultural Development Bank Ltd.,<br>Banking Branch Office: Jeetpur 4 No, Kapilvastu<br>Name of the Office: Banganga Municipality Office<br>Office Account no: 0415601617188170 |

2. Interested bidders may obtain further information at Banganga Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egp and Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only.
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's Web site www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

नदिजन्य पद्धार्थको दोहन नगरौं। यदि कसैले यस्तो कार्य गरेको देखेमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा खबर दिऔं।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरु नदी,कुलो खेतमा नफालौं।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# समानुपातिकको धज्जी : नेता र नेताका पत्नी



काठमाण्डौ, २५ मंसिर

२०१७ सालतिर, पोखरावासी उडुसको टोकाइबाट पीडित भएछन् । २०१७ साउन ३१ गते महासभा (त्यतिबेलाको माथिल्ला सदन)को बैठकमा सांसद मुक्तिनाथ शर्माले स्वास्थ्यमन्त्री काशीनाथ गौतमसँग सोधे- 'मन्त्रीज्यू ! के पोखरामा उडुस मार्ने कार्यक्रम छ ?' मन्त्री गौतमको जवाफ थियो- छैन । त्यतिबेला सांसद शर्माले जनताका समस्या अवगत गराएका थिए । यो प्रसंग जगत नेपालको 'पहिलो संसद्' पुस्तकबाट लिइएको हो। यो प्रसंग अहिलेको राष्ट्रियसभासँग सम्बन्धित भयो। भर्खरै हामीले पहिलो हुने निर्वाचित हुने प्रणालीबाट १६५ प्रतिनिधिसभा सदस्य चुनिसक्यौँ, यतिखेर दलहरूले समानुपातिक ११० सांसदको नाम पनि निर्वाचन आयोगलाई बुझाइसकेका छन्।

यी सांसदले 'प्रतिनिधिसभा नियमावली'मा टेकेर कार्य गर्नेछन् । खासगरी प्रतिनिधिसभामा 'टेबुल' भएका र प्रस्तावित विषयमा तर्कसंगत राय पेस गर्ने, शून्य र विशेष समयमा समसामसायिक विषयलाई उठाउने, सभामुखको पूर्वस्वीकृति लिई सार्वजनिक महत्त्वको विषयमाथि मन्त्रीको ध्यानाकर्षण लगायत कार्य गर्ने हक सांसद्हरूलाई हुनेछ । वास्तवमा प्रतिनिधिसभा राज्यरूपी घरको यस्तो बैठककक्ष हुनुपर्छ– जहाँ घरका सबै सदस्य जुटेर के खाने, के लाउने, कुन काम वा पेसा कसले कसरी गर्ने, छिमेकीसँग कस्तो व्यवहार गर्ने, छोराछोरीलाई कसरी कहाँ पढाउने, वृद्धवृद्धाको सेवा कसरी गर्ने, घरको आम्दानी कसरी बढाउने लगायत विषयमा निरन्तर छलफल चलिरहन्छ।

यति महत्त्वपूर्ण प्रतिनिधिसभामा कस्ता व्यक्ति जानुपर्ला ? हामीले कस्तो विचार, पृष्ठभूमि भएको व्यक्तिलाई चुन्यौं ? दलहरूले समानुपातिकबाट कस्तो व्यक्ति पठाए ? एउटा न्यायप्रेमी सचेत नागरिकले यसको हिसाब खोज्छ नै।

**नाता, दाता र सत्तानिकट व्यक्ति**

हामीकहाँ मिश्रित समानुपातिक निर्वाचन प्रणालीको अभ्यास गर्न थालेको अस्ति भर्खर (संविधानसभाको निर्वाचन) देखि हो। पहिलो हुने निर्वाचित हुने प्रणालीबाट समाजको अभिजात वर्गका व्यक्ति मात्रै चुनिए, समाजका पिँधका मान्छे महँगो चुनाव लड्नै सकेनन्, समाजमा विभिन्न विभेद विद्यमान भएका कारण सामाजिक प्रभाव, प्रताप र विरासत बोकेको व्यक्तिले मात्रै मत पाउने अवस्था रह्यो– यिनै निष्कर्षसहित समाजका उत्पीडित वर्ग, लिंग तथा समुदायका मान्छेलाई अवसर दिने हेतुले समानुपातिक निर्वाचन प्रणाली अपनाइएको थियो । तर, आज यो सुविधा नाता (उच्च नेताका आफन्त), दाता (पार्टीलाई पैसा दिने हैसियत राख्ने) र सत्तानिकट व्यक्ति (स्वयं पार्टीमा हैसियत भएको)ले समानुपातिकको कोटा हडप्दै आएको गुनासो यतिखेर व्याप्त छ। थोरै भए पनि सामाजिक न्यायमा आधारित यस प्रणालीलाई दलहरूले धज्जी उडाएका छन् ।देशकै पुरानो र ठूलो दल कांग्रेसले समानुपातिक प्रणालीलाई शक्ति निकट व्यक्तिका लागि सत्तामा पुग्ने भऱ्याङ बनाउँदै आएको छ। यसपालि उसको सिफारिसमा मधेसीतर्फ कांग्रेसमा बाबुको पालादेखि विरासत बोकेका नेता विमलेन्द्र निधि छन्। त्यस्तै, पार्टी सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणा देउवा, गृहमन्त्री बालकृष्ण खाणकी पत्नी मञ्जु खाण र स्वर्गीय नवीन्द्रराज जोशीकी पत्नी सपना राजभण्डारी सिफारिस भएका छन् । एमालेले उपाध्यक्ष रामबहादुर थापा 'बादल'की श्रीमती नैनकला थापा, महासचिव शंकर पोखरेलकी बहिनी मेनकाकुमारी पोखरेललाई सिफारिस गरेको छ। छुट्टै पार्टी नै चलाउँदै आएका एकनाथ ढकाल (परिवार दलका अध्यक्ष) र व्यवसायी देवीप्रसाद भट्टचन पनि एमालेको रोजाइमा परेका छन्।

माओवादीबाट उपमहासचिव जनार्दन शर्माकी बहिनी नारायणी शर्मा, नेता सूर्य सुवेदीकी पत्नी ज्ञानु बस्नेत, नेता शिवपुजन यादवकी आफन्त मीना यादव, प्रेस सेन्टर नेपालका महासचिव सन्तोष पौडेलकी श्रीमती उर्मिला माझी (पौडेल) समानुपातिक सांसद सिफारिस भएका छन् । जनता समाजवादी पार्टीका संघीय परिषद् अध्यक्ष अशोक राईकी पत्नी सुशीला श्रेष्ठ समानुपातिक सांसदमा सिफारिस भएकी छन् । राप्रपाले पूर्वअध्यक्ष पशुपति शमशेर जबरा र उपाध्यक्ष बुद्धिमान तामाङको नाम सिफारिस गरेको छ। जसका लागि छुट्याइएको कोटा हो, उसलाई समानुपातिकमा ल्याउन दलहरूलाई किन समस्या भयो ? पार्टीमा राम्रो पहुँच र विरासत भएका नेता र उनीहरूका आफन्त नै किन ? के उनीहरूमा देश बनाउने त्यस्तो उत्पात प्रतिभा छ ? त्यसो हो भने उनीहरूलाई जनताले प्रत्यक्ष रूपमा चुन्ने आधार छँदै थियो। आफ्नो क्षेत्र, वर्ग, समुदाय, लिंगका आवाजको सुनुवाइ होस् भनेर ल्याइएको व्यवस्था हो यो । अहिले प्रश्न उठ्न थालेको छ- यही व्यवस्थामा उही पहुँचवालाको दबदबा हुने भए यसको औचित्य के ? सामाजिक न्यायसहितको समृद्धि सन् १९९० को दशकमा विश्वमा निर्वाचन प्रणालीको विभिन्न रूप र सुधार देखापरे। विशेषतः अफ्रिका, एसिया, पूर्वी युरोप, ल्याटिन अमेरिका र पूर्वसोभियत राष्ट्रहरूले निर्वाचन प्रणालीमा सुधार ल्याउने उपाय खोज्न थालेका थिए। हामीकहाँ प्रचलित निर्वाचन प्रणाली भारतबाट प्रभावित छ । भारतले ब्रिटिसहरूबाट संसदीय व्यवस्था सिकेको थियो । प्रजातन्त्र आएको सुरुको अवधिमा समाजका उच्च र मध्यम वर्ग नै हाम्रो राजनीतिमा हाबी भए। समय घर्कंदै जाँदा हामीकहाँ मानव अधिकार र सामाजिक न्यायका मुद्दा मुखरित हुन थाले। यसै क्रममा हामी संविधानसभासम्म आइपुग्यौँ र मिश्रित समानुपातिक निर्वाचन प्रणालीको अभ्यासमा गयौँ । कसलाई उडुसले टोकेको छ, कसलाई भोकले टोकेको छ, को जातीय भेदभाव तथा छुवाछुतको विभेदमा छ, को क्षेत्रीय उपेक्षामा छ, को अल्पसंख्यकका आधारमा पाखा छ, को किन लैंगिक विभेदमा– यिनै आवाज सुनेर राज्यले नीति तथा कार्यक्रम बनाउनुपर्नेछ । यसकै लागि अलिकति आधार मिल्छ कि भनेर मिश्रित समानुपातिक निर्वाचन प्रणाली ल्याइएको थियो । यो एक किसिमले सामाजिक न्यायतर्फको कदम थियो। आज दलहरूले यसको सम्मान गर्न सकिरहेका छैनन्। पुराना दलबाट देशको मुहार फेरिएन भनेर नयाँ दल खोल्नेहरू भन्छन्– राजनीतिमा पढे-लेखेका युवा आउनुपर्छ। उनीहरू यो भन्दैनन् कि कुन कुन विषय पढेको नेता आज आवश्यक हो ? सामाजिक न्यायसहितको समृद्धि ल्याउन पहिले सामाजिक न्याय के हो भनेर बुझ्न आवश्यक हुन्छ । त्यसको पढाइ कहाँ हुन्छ ? त्यसका लागि समाजकै अध्ययन र बहसमा जानुपर्ने होला । हाम्रा राजनीतिक दलमा किसान संघ छन्, तर किसानहरू समानुपातिक कोटामा पर्दैनन् । जब कि हाम्रो समृद्धिको आधार कृषि हो । लघु उद्यमी, यातायात व्यवसायी पनि राजनीतिक दलको प्राथमिकतामा पर्दैनन् । हामी संस्कृतिका धनी छौं तर संस्कृतिविद् दलको प्राथमिकतामा पर्दैनन् । हामीकहाँ लैंगिक, जातीय आदि विभेद छ, तर अधिकारकर्मी दलको प्राथमिकतामा पर्दैनन्।

**पूर्ण समानुपातिकको बहस**

आज हामी जुन अवस्थामा छौँ, यसका लागि कस्तो राजनीतिक व्यवस्था ठीक होला भन्ने बहस बाँकी नै छ । यद्यपि हुँदाखाँदाको व्यवस्थाबाटै उपरोक्त यावत् मुद्दा समेट्नेतिर पनि सोच्नुपर्ने भएको छ । बलियो कानुनसहित हामीकहाँ पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने हो भने धेरै समस्या समाधान हुने देखिन्छ । पूर्वनिर्वाचन आयुक्त भोजराज पोखरेलका अनुसार, पूर्ण समानुपातिकको सबैभन्दा राम्रो प्रयोग 'स्क्यानडिनेभिया' (डेनमार्क, नर्वे, स्विडेन, फिनल्यान्ड लगायत) देशमा भएको छ । ती देशमा पूर्ण समानुपातिक प्रणाली सयौं वर्षदेखि सफल रूपमा प्रयोग हुँदै आएको छ।

बरु हामीकहाँ सम्पूर्ण देशलाई एउटा चुनावी क्षेत्र नबनाएर प्रदेश अनुसार बनाउनेतर्फ सोच्न सकिन्छ । यसो गर्दा सम्बन्धित क्षेत्रको विविधता अनुसारका सदस्य छान्न सकिने आधार रहन्छ । हामीकहाँ प्रतिनिधिसभा र प्रदेशसभाका लागि महिलाको उपस्थिति ५० प्रतिशत कायम गर्न पनि आवश्यक छ। देशमा महिलाको जनसंख्या पुरुषका भन्दा बढी छ भने यो प्राकृतिक न्यायको सिद्धान्त अनुरूप नै हुनेछ । पूर्ण समानुपातिक प्रणाली लागू गरेपछि केही समयका लागि सामाजिक अवस्था र विभेद अनुरूपको क्लस्टर राख्न जरुरी हुन्छ । यस्तो व्यवस्थामा पनि पहुँचवाला नै नआउने के प्रत्याभूति रहन्छ भन्ने प्रश्न पनि उब्जिएला । यसका लागि अन्तिम उपाय भनेकै बलियो कानुन हो।

## हनी ट्रयाप : ५ करोड माग्दा फन्दामा



दाङ २५ मंसिर

'हनी ट्र्याप' मा पारेर पैसा असुल्न खोज्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रेम सम्बन्धको विश्वासमा पारेर आर्थिक लाभ उठाउन खोज्ने दुई महिला र एक पुरुषलाई प्रहरीले पक्राउ गरेको हो ।पक्राउ पर्नेमा गढवा गाउँपालिका- ६ घर भई हाल तुलसीपुर उपमहानगरपालिका-६ दशरथ टोलमा बस्ने अनुष्का सिंह भनिने ३५ वर्षीया कृष्णा गहतराज, तुलसीपुर-१८ ग्वारखोला बस्ने ३८ वर्षीया कृष्णाकुमारी बस्नेत र घोराही उपमहानगरपालिका-१० नारायणपुर बस्ने जनक भनिने २६ वर्षीय रुद्रबहादुर केसी रहेका छन्।

**यस्तो छ घटना**

पीडित भनिएका दाङका ४५ वर्षीय पुरुष विवाहित र सम्पन्न परिवारका व्यक्ति हुन् भने आरोपित अनुष्का भनिने कृष्णा गहतराज डिभोर्स भएकी एकल महिला हुन् । सामान्य चिनाजानपछि उनीहरु नजिकिँदै गए र व्यक्तिगत सम्बन्ध बन्यो । कृष्णाले सुरुदेखि नै आर्थिक लाभ लिँदै आएकी थिइन् । प्रहरीका अनुसार ती पुरुषले हालसम्म ३५ लाख रुपैयाँ दिइसकेका थिए ।उनमा लोभ बढ्दै गयो र आफूले भने जति पैसा नदिए बलात्कारमा फसाइदिने भन्दै बार्गेनिङ गर्न सुरु गरिन्। 'सुरुदेखि नै आर्थिक सहयोग लिँदै आएको र पछि ठूलो लोभमा परेर बार्गेनिङ गर्न सुरु गरेको देखिन्छ' जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायव उपरीक्षक (डीएसपी) राजनकुमार गौतमले भन्छन्।

घरजग्गा समेत किनिदिन भन्दै ५ करोडसम्म बार्गेनिङ गर्न थालिन् । त्यसक्रममा उनले कृष्णाकुमारी बस्नेत र रुद्र केसी भनिने पुरुषको सहयोग लिइन्। उनले पीडित पुरुषलाई मात्र नभएर उनको परिवारलाई समेत धम्याउँन थालिन् । पीडितको घर परिवारलाई समेत टर्चर दिन थालेपछि यो घटना प्रहरी कहाँ आइपुगेको प्रहरी नायव उपरीक्षक गौतमले बताए। प्रहरीले आरोपित तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ।

## लुम्बिनीकी मन्त्री रायमाझी पार्टी फेरेर सांसद

रुपन्देही, २५ मंसिर



लुम्बिनी प्रदेशकी मन्त्री सुमन शर्मा रायमाझी यसपालि पनि सांसद भएकी छन्। जसपाकी उनी सिके राउत नेतृत्वको जनमत पार्टीबाट लुम्बिनी प्रदेश सदस्यका लागि समानुपातिक सूचीमा परेकी थिइन् । जनमत पार्टीले लुम्बिनीमा प्रत्यक्षतर्फ एक सिट जितेको छ भने समानुपातिकतर्फ २ सिट जितेको छ। उक्त दुई सिटमा रायमाझी र गीता गुरूङलाई पठाउने निर्णय जनमत पार्टीको छ। रुपन्देही क्षेत्र नम्बर ५ को प्रदेश सभा (ख) बाट जनमत पार्टीका चन्द्रकेश (सीके) गुप्ता प्रत्यक्षतर्फ जितेका थिए। गत वैशाखमा भएको स्थानीय चुनावमा लुम्बिनी सांस्कृतिक नगरपालिकाको मेयरमा पराजित भएका गुप्ताले लुम्बिनी प्रदेशसभा सदस्य जितेका हुन् ।समानुपातिक सूचीबाट प्रदेशसभा सदस्यमा सिफारिस भएकी रायमाझी यसअघि जसपाबाट प्रदेश सांसद थिइन्। उनी एमालेका तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलका पालामा भौतिक पूर्वाधार विकास राज्य मन्त्री भएकी थिइन्। साथै उनी माओवादी केन्द्रबाट मुख्यमन्त्री बनेका कुलप्रसाद केसी नेतृत्वको मन्त्रिपरिषदमा कृषी मन्त्री भएकी थिइन्।

उनी पार्टी निर्णयविपरीत पोखरेल नेतृत्वको सरकारमा गएकी थिइन्। तर पछि जसपाले कारबाही गर्ने भएपछि उनले राज्यमन्त्रीबाट राजीनामा दिएकी थिइन्। माओवादीका केसीको नेतृत्वमा नयाँ सरकार बनेपछि रायमाझीलाई कृषि मन्त्री बनाइएको थियो। उनलाई जसपाले कारबाही गर्दै पार्टीबाट हटाएको थियो। पार्टी निर्णयविरूद्ध उनी सर्वोच्च अदालतमा गएकी थिइन्। उनको मुद्दा सर्वोच्चले तामेलीमा राखेको थियो। उनी अहिले जनमत पार्टीबाट सांसद भएकी छन्।









कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही